कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः-
२०७८।९।८

# विगु गाउँपालिकाको एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७८

विगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
लादुक, दोलखा

प्रस्तावनाः

विगु गाउँपालिका, दोलखामा बिरामीहरुलाई सजिलै अस्पतालसम्म पुऱ्याई जनताको जीउज्यानको सुरक्षा गर्ने तथा गाउँपालिकाको समग्र स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी एवं जनमुखी बनाउने अभिप्रायले गाउँपालिका वा सो अन्तर्गतका स्वास्थ्यचौकीहरुले एम्बुलेन्स सेवा सञ्चालन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम गाउँपालिकाले यो निर्देशिका बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो निर्देशिकाको नाम "विगु गाउँपालिकाको एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७८" रहेको छ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "एम्बुलेन्स" भन्नाले विरामी बोक्ने गरी स्वीकृति प्राप्त गरेको बाहन सम्झनु पर्दछ र सो शब्दले उक्त बाहनमा जडित उपकरणहरु, चालक र परिचारिका समेतलाई जनाउँछ।

(ख) "गाउँपालिका" भन्नाले बागमती प्रदेश, दोलखा जिल्लामा रहेको विगु गाउँपालिकालाई सम्झनुपर्दछ।

(ग) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनुपर्ने गरी समितिले तोकेको शुल्क समझनुपर्दछ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्दछ।

(ङ) "सेवा" भन्नाले एम्बुलेन्सले विरामीलाई उपलब्ध गराउने सम्पूर्ण सेवाको समष्टिलाई सम्झनुपर्नेछ।

३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः

(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक — सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ङ) स्वास्थ्य संयोजक — सदस्य सचिव

(२) समितिको कूल सदस्य संख्या मध्ये ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

युधिष्ठिर खड्का
अध्यक्ष

बिगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा

(३) समितिको बैठक आवश्यकतानुसार बस्नेछ। बैठकसम्बन्धी कार्यविधि र अन्य व्यवस्था समिति स्वयंले निर्धारण गर्नेछ।

(४) स्वास्थ्य चौकीहरुबाट सञ्चालन हुने एम्बुलेन्सको सम्बन्धमा सम्बन्धित चौकीको व्यवस्थापन समितिले एम्बुलेन्स व्यवस्थापन समिति बनाई सञ्चालन गर्न सक्नेछ। यसरी गठित समितिले एम्बुलेन्सको आम्दानी खर्चको विवरण मासिक रुपमा गाउँपालिकामा बुझाउनुपर्नेछ।

४. समितिको काम, कर्तब्य र अधिकार

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने

(ख) चालकले पालन गर्नुपर्ने आचार संहिता बनाई अनिवार्य रुपमा पालना गर्न लगाउने

(ग) एम्बुलेन्स सेवा सञ्चालनमा कुनै गुनासो वा उजुरी आएमा त्यसको सुनुवाई तथा व्यवस्थापन गर्ने

(घ) एम्बुलेन्सको भाडा दर निर्धारण सम्बन्धमा गाउँपालिकालाई सुझाव दिने

(ङ) तोकिएको सेवा शुल्क चालकले नियमानुसार कोषमा जम्मा गरे नगरेको सम्बन्धमा निरीक्षण गर्न

(च) एम्बुलेन्स सेवाको समग्र मूल्यांकन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन समय समयमा समीक्षा बैठकहरु राख्ने

५. सेवा शुल्क सम्बन्धी व्यवस्थाः

(क) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनुपर्नेछ।

(ख) सेवा शुल्क बापत उठेको रकम गाउँपालिकाले एक अलग बैंक खाता/ कोष खडा गरी जम्मा गर्न सक्नेछ।

(ग) सेवा शुल्कको रकम असुलीको लागि गाउँपालिकाले नगदी रसिद छपाई चालकलाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा राखिनेछ।

(घ) सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

(ङ) कोषको रकम गाउँपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ। कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा राखिने अत्यावश्यक सामग्रीको खरिदमा खर्च गर्न सकिनेछ।

६. चालकको नियुक्ति र सेवा सुविधाः

(क) एम्बुलेन्स सेवा सञ्चालनको लागि गाउँपालिकाले योग्गता पुगेको चालक सेवा करारमा राख्न सक्नेछ।

(ख) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितले निर्धारण गरे बमोजिम हुनेछ।

(ग) दफा (३) बमोजिमको समितिले तयार पारेको आचार संहिता अक्षरशः पालना गर्नु चालकको दायित्व हुनेछ।

(घ) समितिले चालकको दूर्घटना बिमा गरिदिनेछ।

७. विविधः

युधिष्ठिर खड्का
अध्यक्ष

बिगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
लादुक, दोलखा

(क) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिको व्यवस्था स्वास्थ्य शाखाले गर्नुपर्नेछ।

(ख) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ।

(ग) यस निर्देशिका आवश्यकतानुसार संशोधन गर्नुपर्ने भएमा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बैठकले गर्नेछ।

## अनुसूची-१

### निर्देशिकाको दफा (५) सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट

| क्र.सं. | देखि | सम्म | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | सिंगटी | चरिकोट | ३,५००/- | |
| २ | सिंगटी | काठमाण्डौ/धुलिखेल | ८,०००/- | |
| ३ | - | - | १००/- प्रति किलोमिटर | अन्य स्थानको हकमा |
| ४ | - | - | १०% थप शुल्क | अन्य पालिकाको हकमा |

युधिष्ठिर खड्का
अध्यक्ष